(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जगरनाथपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ | संख्याः १ | मितिः-२०८३/०२/११

भाग-१०

जगरनाथपुर गाउँपालिका

## जगरनाथपुर गाउँपालिकाको शिक्षा (तेस्रो संशोधन) नियमावली २०८३

जगरनाथपुर गाउँपालिकाको शिक्षा नियमावली २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

जगरनाथपुर गाउँपालिकाको शिक्षा ऐन २०७५ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी जगरनाथपुर गाउँ कार्यपालिकाले देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त र प्रारम्भः</u> १) यी नियमहरुको नाम जगरनाथपुर गाउँपालिकाको शिक्षा (तेस्रो संशोधन) नियमावली २०८३ रहेको छ।

२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२.<u>जगरनाथपुर गाउँपालिकाको शिक्षा नियमावली २०७५ को परिछेद-२ नियम १३ मा संशोधनः</u>

(१)जगरनाथपुर गाउँपालिकाको शिक्षा नियमावली २०७५ (यस पछि मुल नियमावली भनिएको) नियम २५ को उपनियम (१) को (भ),(म),(य),(र) र (ल) तथा उपनियम (२) झिकिएका छन् ।

<u>३. मुत नियमावलीको नियम २६ मा संशोधनः</u>

मुल नियमावलीको नियम २६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएका छन्:

१) यस नियमावली अन्तरगत व्यवस्था भएको समितिहरुको अधिकार क्षेत्र बाहेक विद्यालय संचालन गर्न प्रत्येक सामुदायिक विद्यालयहरुमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुर, पर्सा मधेश प्रदेश, नेपाल

सन्देश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

क) माध्यमिक तथा आधारभूत विद्यालयको हकमा शिक्षा समितिले तोकेको अभिभावक मध्ये १ जना - अध्यक्ष

ख) अभिभावकहरु मध्ये गाउँपालिका अध्यक्ष र गाउँपालिका उपाध्यक्षले संयुक्त रुपमा तोकेको समावेसी आधारमा कम्तीमा २ जना महिला सहित ४ जना - सदस्य

ग) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट मनोनित गरी पठाएका शिक्षक १ जना -सदस्य

घ) विधालय स्तरीय बालक्लबले मनोनयन गरेका एकजना बालक वा बालिका मध्ये गरी १ जना स्थायी आमन्त्रीत -सदस्य

ङ) प्रधानाध्यापक - सदस्य सचिव

**४) मुल नियमावलीको नियम २७ मा संशोधनः** मुल नियमको नियम २७ को उपनियम १ र ३ झिकिएका छन्।

**५) मुल नियमावलीको नियम ५१ मा संशोधनः** मुल नियमावलीको नियम ५१ को उपनियम (त्र) को(४) झिकिएको छ।

**६) मुल नियमावलीको नियम ५२,५३ र ५४ मा संशोधनः** मुल नियमावलीको नियम (५२),(५३) र (५४) को सट्टा देहायको नियम (५२),(५३) र (५४) राखिएका छन् :-

**नियम (५२):-सहायक प्रधानाध्यापक सम्बन्धि व्यवस्थाः-** माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पुर्याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक मध्येवाट विद्यालय व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यापक तोक्न सक्नेछ।

**नियम (५३) :-** विद्यालय सहयोगी सम्बन्धी व्यवस्थाः विद्यालय व्यवस्थापन समितिले स्वीकृत दरवन्दीको अधिनमा रही विद्यालय सहयोगीको न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउनु पर्नेछ।

**नियम (५४)** शिक्षक तथा कर्मचारी छनौट समितिः (१) सामुदायिक विद्यालयमा नेपाल सरकारबाट दरवन्दी र राहत अनुदान कोटामा करारमा शिक्षक र विद्यालयमा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको प्रतिनिधि - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको सम्बन्धित तहका विषय विज्ञ २ जना - सदस्य

घ) प्रधानाध्यापक - सदस्य-सचिव

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाद्वारा सिर्जना गरिएको दरबन्दीमा करार शिक्षक तथा कर्मचारी पदमा नियुक्तिका लागि सिफारिस गर्न गाउँपालिकामा देहावको शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ।



जगरनाथपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा
मधेश प्रदेश, नेपाल

सन्देश ... यादव
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ।

(६) उपनियम (३) बमोजिम शिक्षक नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुका साथै वडा कार्यालय गाउँ कार्यपालिकाको कार्यालय र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ। यस्तो सूचना सम्बन्धित स्थानिय तहको वेबसाइटमा समेत राखे व्यवस्था मिलाउनु पर्नेछ।

(७) उपनियम (३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता नेपाली नागरिक्ताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ।

(८) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी शिक्षा शाखालाई दिनु पर्नेछ र शिक्षाले अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ।

(९) उपनियम (२) जा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्र सम्म पनि रिक्त पदमा स्थायी पद पुर्ति नभएमा व्यवस्थापन समितिले पुन करारको म्याद यप गर्न सक्नेछ ।

(१०) उपनियम (९) बमोजिम करार गरिएको जानकारी विद्यालयले शिक्षा शाखालाई दिनु पर्नेछ ।

(११) यस नियम बमोजिमको प्रकिया नपुर्याई शिक्षक नियुक्ति गरेमा त्यस्तो नियुक्ति वदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।.

**७) मल नियमावलीको नियम १०९ मा संशोधनः**

मुल नियमावलीको नियम १०९ को सट्टा देहायको नियम १०९ राखिएको छः

आज्ञालेनियम (१०९) : यस नियमावलीको कार्यान्वयनमा कुनै कठिनाई वा बाधा अडचन आएमा गाउँकार्यपालिकाको वैठकको निर्णयबाट बाधा अडकाउ फुंकाउ गरिनेछ।

आज्ञाले,
संदेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

सन्देश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

जगरनाथपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा